# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा

फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या:- २०८०/०८१
चलानी नं:- ३५६

मिति:.... २०८१/०२/२०

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

तनहुँ जिल्ला भानु नगरपालिका अन्तर्गत श्री होमराज लोहनी शारदा शिक्षा सदन माध्यमिक विद्यालय भानु ०२ मा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी विज्ञान विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न. २१५ मिति २०८१/०२/१८ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना horalomavi@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन ।

२०८१/२/२०

सरस्वती गुरुङ ढकाल
शिक्षा अधिकृत
अधिकृत स्तर सातौं

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ, दमौली, तनहुँ – वेवसाइटमा सूचना प्रकाशन गरिदिनुहुन ।
श्री होमराज लोहनी शारदा शिक्षा सदन माध्यमिक विद्यालय भानु ०२, नारेश्वरटार तनहुँ ।
श्री सुचना तथा प्रविधि शाखा, भानु नगरपालिका फुस्रेटार, तनहुँ - वेवसाइटमा सूचना प्रकाशन गरिदिनुहुन।